# आर्थिक वर्ष २०८२।०८३
# को
# नीति तथा कार्यक्रम

गरुडा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गरुडा, रौतहट
मधेश प्रदेश, नेपाल
मिति २०८२/०३/०६

# गरुडा नगरपालिका
# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

**आदरणीय सभाध्यक्षज्यू,**
प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिहरुज्यू, प्रमुख प्रशासकीय अधिकृत, नगरसभाका सदस्यज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, सञ्चारकर्मी, सुरक्षाकर्मी एवम् कर्मचारी मित्रहरु,

यस गरुडा नगरपालिका नगर सभाको तेह्रौं अधिवेशन तथा नवौं बजेट अधिवेशनमा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित र गौरवान्वित महसुस गरेको छु । सर्वप्रथम यस महत्वपूर्ण अवसरमा मुलुकलाई तीन तहको सरकार सहित संघीय लोकतान्त्रिक गणतन्त्रको आजको यस परिवर्तित युग सम्म ल्याउन र देशको समग्र राष्ट्रियता, सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय स्वाधिनता एवम् संघीयता सहितको मुलुकको समृद्धिको भाग्य रेखा कोर्न लामो संघर्ष एवम् मधेश आन्दोलन लगायतका विभिन्न आन्दोलनका क्रममा विभिन्न समयमा जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सम्पूर्ण अमर शहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु र घाइते तथा बेपत्ता योद्धाहरु प्रति उच्च सम्मान सहित शीघ्र स्वास्थ्य लाभको कामना गर्न चाहन्छु ।

गरुडा नगरपालिका लोकतन्त्रका आधारभूत मूल्य मान्यता, मानव अधिकार, सामाजिक न्याय, सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै विधिको शासनप्रति प्रतिबद्ध छ । लोकतन्त्रलाई सामाजिक जीवन पद्धतिका रुपमा स्थापित गर्ने कुरामा नगरपालिका हरपल प्रयत्नशील छ । शासकीय व्यवस्थामा आएको परिवर्तनको अनुभूति सबै नगरबासीले गर्न सकून् भन्नेमा हामीहरु अत्यन्त सचेत छौं । नगरको भौगोलिक, सामाजिक, आर्थिक तथा धार्मिक सांस्कृतिक विविधतालाई आत्मसाथ गर्दै सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढ्न यो नगरपालिका दृढ छ । हामीहरु योजनाबद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्नेमा प्रतिबद्ध छौं । 'मालिक होइन, सेवक हौ' भन्ने मान्यतामा आधारित जनउत्तरदायी, पारदर्शी, मेहनती र सहयोगी

संयन्त्रबाट नै समृद्धि हासिल गर्न सकिन्छ भन्ने मान्यतालाई हामीले आफ्नो मार्ग दर्शनका रुपमा ग्रहण गरेका छौं ।

चालु आर्थिक वर्षमा नगर सभाको आठौ बजेट अधिवेशनले स्वीकृत गरेका नीति तथा कार्यक्रमबाट प्राप्त मार्गनिर्देशन र बजेटको कार्यान्वयनबाट प्राप्त उपलब्धी तथा चुनौतिहरुको समिक्षा गर्दै, नेपाल सरकार, मधेश प्रदेश सरकारको स्थानीय तहसँगको सहकार्य, समन्वय, साझेदारी गर्ने नीति तथा कार्यक्रमसँग समन्वय हुने गरी नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले व्यवस्था गरेको स्थानीय तहको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित क्षेत्रगत विषयहरुमा केन्द्रित रही रौतहट जिल्लाको चन्द्रनिगाहपुर–गौर राजमार्गको मध्यभागमा अवस्थित र जिल्लाकै शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, स्थानीय पर्यटन केन्द्रका रुपमा विकसित हुँदै गरेको यस गरुडा नगरपालिकाको चौतर्फी विकासको सम्भावनालाई मध्यनजर गर्दै आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

**सभाध्यक्षज्यू, उपस्थित प्रमुख अतिथि, विशेष अतिथि, सम्पूर्ण अतिथि तथा नगर सभा सदस्यज्यूहरु,**

अब, म आगामी आर्थिक वर्ष २०८२/०८३ को अनुमानित आय व्यय निम्नानुसार प्रस्तुत गर्दछु ।

**आय तर्फ**

आगामी आ.व.२०८२/०८३ मा वितीय समानीकरण अनुदान १३ करोड ४० लाख, राजश्व बाँडफाड तर्फ ११ करोड ४८ लाख ५ सय ६७, आन्तरिक आय तर्फ १० करोड ८८ लाख, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान चालु २३ करोड ७३ लाख २० हजार, सशर्त अनुदान पूँजिगत ३ करोड ४१ लाख ८० हजार, संघीय विशेष अनुदान (चालु) ६९ लाख, संघीय समपूरक अनुदान (पूँजिगत) ३ करोड २४ लाख, प्रदेश राजश्व बाँडफाडबाट प्राप्त अनुदान ९९ लाख १६ हजार ८ सय, प्रदेश वित्तिय समानीकरण अनुदान ९३ लाख, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपूरक अनुदान २० लाख समेत गरी जम्मा ६९ करोड २६ लाख १७ हजार ३ सय ६७ मात्र नगरपालिकाको संचित कोषमा जम्मा हुने अनुमान गरिएको छ ।

**व्यय तर्फ**

आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि यस नगरपालिकामा उल्लेखित आयश्रोत अनुमानको आधारमा पूँजीगत खर्च तर्फ २४ करोड ९३ लाख , चालु खर्च तर्फ १२ करोड ७५ लाख १७ हजार ३ सय ६७ रुपैंया छुट्याइएको छ ।

त्यसै गरी संघीय सरकारबाट प्राप्त सशर्त अनुदान पूँजिगत तर्फ ६ करोड ६५ लाख ८० हजार र चालु खर्च तर्फ २४ करोड ४२ लाख २० हजार, प्रदेश विशेष अनुदान ३० लाख, प्रदेश समपूरक अनुदान २० लाख समेत कुल बजेट ६९ करोड २६ लाख १७ हजार ३ सय ६७ विनियोजन गर्न यो बजेट नीति तथा कार्यक्रम प्रस्ताव गरिएको छ ।

आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको लक्ष्य **"समृद्ध नगर : खुशी नगरबासी"** रहेको छ । यस नीति तथा कार्यक्रम जनताको बीचमा पुऱ्याइ गरुडा नगरपालिकालाई समृद्ध नगरको रुपमा विकास गर्न नगर सभा सदस्यहरुको सक्रियता, आम जनसमुदाय, वुद्धिजिवी, उद्यमी व्यवसायीहरुबाट रचनात्मक सहयोग अपेक्षा राखेको छु ।

**सभाध्यक्षज्यू ,**
यस प्रस्तावित **आगामी आर्थिक वर्ष २०८२/२०८३** को नीति तथा कार्यक्रम आम नगरवासीको रोजगारी, जनजीविकामा सहजता एवं आर्थिक समृद्धिका लागि सामाजिक न्याय सहितको सुशासन, दिगो विकासमा टेवा पुऱ्याउदै नगरको चौतर्फी विकासमाको लक्ष्यलाई हासिल गर्ने अपेक्षा एवं दृढ विश्वासका साथ निम्नानुसारको नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु :

## १. आर्थिक विकास क्षेत्र :

### क. कृषि :

१. नगरपालिका भित्रको कृषि योग्य जमिनको पहिचान र संरक्षण गर्दै कृषि उत्पादनको क्षेत्रको विविधिकरण तथा विशिष्टिकरण मार्फत् नगरपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउनको लागि आवश्यक रणनीति तय गरिनेछ ।
२. कृषकहरुलाई सिंचाईको लागि कृषि मिटर जडानमा प्रोत्साहन गर्न कृषि मिटरमा उठेको शुल्क नगरपालिकाले व्यहोर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
३. किसानहरुको खेत खेतमा सिंचाईको व्यवस्था गर्न, कृषि सडकको विस्तार गर्न, कृषि फर्महरु सञ्चालन गर्न र कृषि उद्यमशिलताको विकासको लागि आधुनिक कृषिको पूर्वाधार तयार गर्न कृषि विद्युतिकरणको कार्यलाई निरन्तरता दिइनेछ ।
४. कृषि उपज संकलन तथा बजारीकरणको पूर्वाधार तयार गरी सञ्चालनमा ल्याइने छ ।

५. कृषि उपज संरक्षणको लागि कोल्डस्टोर को निर्माण सम्बन्धी योजनालाई निरन्तरता दिइने छ ।

६. कृषकहरुलाई कृषि ज्ञान तथा सिपमा अभिवृद्धि गर्न कृषि तालिम तथा अवलोकन भ्रमणको कार्यक्रमलाई निरन्तरता दिइने छ ।

७. आगामि आ.व.मा किसान सूचिकरण कार्यक्रम सम्पन्न गरी कृषकहरुलाई किसान परिचयपत्र वितरण गर्ने व्यवस्था मिलाइने छ ।

८. कृषि जैविक मल तथा उन्नत बीउ बिजन वितरणको व्यवस्था मिलाइनेछ ।

९. माछा पालन पोखरीहरुको संरक्षण तथा मर्मतको लागि अनुदानको व्यवस्थापन गरिने छ ।

१०. माछा पालनमा उन्नत जातका माछा भुरा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

११. कृषि, पशुपन्छी र मत्स्यक्षेत्रको प्रवर्द्धनका लागि यस नगरपालिका क्षेत्रभित्र कृषि उत्कृष्टता केन्द्र स्थापना गर्न मधेश प्रदेश सरकारको समन्वयमा पालिका स्तरबाट आवश्यक कार्य अगाडि बढाइनेछ ।

१२. 'व्यवसायिक रुपमा काम गर्ने सबै किसानलाई उत्पादनमा आधारित अनुदान' नीति अवलम्वन गरिनेछ । दुग्ध उत्पादक किसानहरुलाई प्रोत्साहित गर्न विशेष अनुदानको व्यवस्था गरिनेछ ।

१३. स्थानीय संचार माध्यममा स्थानीय कृषि प्रणालीमा आधारित "कृषि कार्यक्रम" संचालन गरिनेछ ।

१४. नगरको उपयुक्त स्थानमा बहुउपयोगी सिंचाईको लागि पक्की कुलो निर्माणलाई प्राथमिकता दिइनेछ ।

१५. कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक बीउ बैंक सुदृढिकरण कार्यक्रम सञ्चालन गरिने छ ।

१६. पशुपन्छि विकास कार्यक्रम अन्तर्गत कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ ।

१७. कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## ख. उद्योग, व्यापार, व्यवसाय

१. नगरपालिकामा लघु, घरेलु र साना उद्यो तथा व्यवसाय दर्ता, अद्यावधिक तथा नवीकरणको व्यवस्था मिलाइनेछ ।

२. यस नगरपालिका क्षेत्रभित्र स्थापित २५ जना भन्दा बढीलाई रोजगार दिने उद्योगहरुलाई लाग्ने करमा निश्चित प्रतिशत छुटको व्यवस्था गरिनेछ ।

३. गरुडा नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने युवा तथा महिलाहरुलाई उद्यमशिलता तालिम प्रदान गरिनेछ ।
४. अपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग/व्यवसायहरुमा तोकिएको करमा छुट दिइने नीति अवलम्वन गरिनेछ ।
५. गरिवि निवारणका लागि लधुउद्दम विकास कार्यक्रम (MEDPA) संचालनलाई निरन्तरता दिइनेछ ।

**ग. पर्यटन तथा सस्कृति :**

१. नगरपालिका क्षेत्रभित्र रहे भएका साँस्कृतिक तथा धार्मिक स्थलको संरक्षण गरी पर्यटकिय स्थलको रुपमा विकास गरिनेछ ।
२. धार्मिक पर्यटकहरुलाई बसोबासको लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा धर्मशाला निर्माण गरिनेछ ।
३. चाडपर्व, मेला र विवाह समारोहमा आउने व्यक्तिहरुको बसोबासको लागि नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा सामुदायिक भवनहरु निर्माणमा जोड दिइनेछ ।
४. नगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानहरुमा छठघाट निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
५. आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन र रोजगारी सिर्जना गर्न होटल व्यवसायीलाई प्रोत्साहित गरिनेछ ।
६. समाजमा विद्यमान छाडा संस्कृति निरुत्साहित गर्दै मौलिक, हितकारी सांस्कृतिक मूल्य मान्यताको विकासका लागि विविध कार्यक्रम संचालन गरिनेछ ।
७. नगर भित्रका आदिबासी, जनजाति, दलित, थारु लगायत अन्य लोपोन्मुख जातिका भाषा, धर्म र संस्कृति, ललितकलाको संरक्षणको लागि स्पष्ट नीतिको तर्जुमा गरिनुको साथै स्थानीय कला संस्कृतिलाई आर्थिक उत्पादनसँग जोड्ने कार्यक्रम तय गरिनेछ ।
८. उपयुक्त स्थलको छनौट गरी पिकनिक पार्क निर्माण गरिने छ ।

**घ. गरिबी न्यूनिकरण र सहकारी**

१. गरिबी न्यूनिकरणका लागि विभिन्न शिपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. नगर क्षेत्रभित्रका गरीब, दलित तथा पिछडिएका समुदायमा सामुहीक वैवाहिक समारोह कार्यक्रम सञ्चालन गरिनेछ ।
३. गरिबी न्यूनीकरणकालागि सहकारीको माध्यमबाट विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
४. सहकारी दर्ता, नवीकरण, नियमनको कार्यलाई प्रभावकारी बनाइनेछ ।

५. सहकारीहरुलाई रोजगारीमूलक विभिन्न उद्यमहरु र व्यवसायीक कार्यक्रमहरु सञ्चालन गर्न प्रोतसाहन गरिनेछ ।
६. स्वरोजगार तथा रोजगारमूलक तालिमहरु सञ्चालन गरिनेछ ।
७. रोजगार संवाद मञ्च सञ्चालन गरिनेछ ।

## २. सामाजिक विकास क्षेत्र

### क.शिक्षा :

१. शिक्षा नगर विकासको मेरुदण्ड हो भन्ने विषयलाई गम्भीरताका साथ अवलम्वन गर्दै **'विद्यालयको शैक्षिक र भौतिक सुधारः बालबालिका विद्यालय प्रवेशको पहिलो आधार'** भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि योजनावद्ध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
२. संस्थागत विद्यालयद्धारा विद्यार्थीहरुलाई प्रदान गर्नुपर्ने छात्रवृत्तिको कार्यलाई प्रभावकारी कार्यान्वयन गराईनेछ ।
३. लैङ्गिकमैत्री तथा बालमैत्री सिकाई प्रणालीको उपयुक्त रणनीति तय गरी कार्यान्वयनमा ल्याइनेछ ।
४. सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार, दरबन्दी मिलान, विद्यालय अनुगमन, दिवा खाजा, विद्यार्थी भर्ना अभियान, केही विद्यालयको विस्तृत योजना तयार पार्ने, सबै विद्यालयलाई पूर्ण सरसफाईयुक्त, एकीकृत र नतिजामा आधारित अनुगमन योजनाको निर्माण, विद्यालयका शिक्षक, कर्मचारीहरुको क्षमता अभिवृद्धि लगायतका थप प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिनेछन ।
५. नगरपालिका भित्र संचालनमा रहेको प्राविधिक शिक्षा अध्यापनका लागि नगर प्राविधिक हवको स्थापनाको लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ ।
६. भौतिक पूर्वाधारयुक्त विद्यालयहरुमा प्राविधिक-शिक्षा अध्ययन-अध्यापनको लागि आवश्यक पहल गरिनेछ ।
७. पाठ्यक्रममा स्थानीयतालाइ प्रवर्धन गर्न स्थानीय पाठ्यक्रमको विकास गरि कार्यान्वयन गरिनेछ ।
८. SEE मा उत्कृष्ट नतीजा ल्याउने छात्राहरुलाई प्रोत्साहन स्वरुप ल्यापटप उपलब्ध गराइनेछ ।
९. सामुदायिक विद्यालयहरुमा विद्यार्थी शिक्षक अनुपात कायम गरी प्रभावकारी शिक्षण सिकाईमा टेवा पु-याउन स्वयम्सेवक शिक्षकको व्यवस्थासम्वन्धि कार्यलाइ निरन्तरता दिइनेछ ।

१०. दलित तथा विपन्न परिवारका कक्षा ८ मा अध्ययनरत छात्राहरुलाई साइकल वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।
११. विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबालिकाहरुको लागि बैकल्पिक शिक्षाको व्यवस्था मिलाईनेछ ।
१२. सामुदायिक विद्यालयमा संचालन गरिने अर्धवार्षिक तथा वर्षिक परीक्षा व्यवस्थित, मर्यादित र अनुशासित बनाइनेछ ।
१३. आधारभूत तह तथा माध्यमिक तहमा कानुन बमाजिम बाहेकको शुल्क लिन नपाउने व्यवस्थालाई काडाइकासाथ लागू गरिनेछ ।
१४. सामुदायिक विद्यालयमा आवश्यक पर्ने परिक्षा सञ्चालन खर्च नगरपालिकाबाट व्यवस्था गरिनेछ ।
१५. उत्कृष्ट नतिजा हासिल गर्ने सामुदायिक विद्यालय र उत्कृष्ट शिक्षकलाई पुरस्कृत गर्ने व्यवस्था गरिनेछ ।
१६. शैक्षिक संस्थाहरुमा ध्यान र योग शिक्षा कार्यान्वयनका लागि प्रोत्साहन गरिनेछ ।
१७. कम्प्यूटर नभएका सामुदायिक विद्यालयहरुलाई कम्प्यूटर तथा प्रीन्टर वितरण गरिनेछ ।
१८. फर्निचर अभाव रहेका सामुदायिक विद्यालयहरुलाई फर्निचरको व्यवस्था मिलाइनेछ ।
१९. विद्यालयमा अध्ययनरत किशोरी छात्राहरुको लागि सेनटरी प्याड वितरणको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
२०. नगरभित्रका सामुदायिक क्याम्पसहरुको संस्थागत विकास र स्तरोउन्नतीका लागि आवश्यक पहल गरिनेछ ।

**ख.स्वास्थ्य :**

१. **"स्वास्थ्य नगरबासी : समृद्ध नगर"** भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।
२. **"म स्वास्थ्य मेरो सामुदाय स्वास्थ्य"** नाराका साथ घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
३. प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्दै मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, रक्तसंचार, न्यानो झोला, र नवजात शिशुको निशुल्क उपचार कार्यक्रम, प्रजनन् रुग्णता स्वास्थ्य सेवा, पोषण कार्यक्रम, परिवार नियोजन सेवा, किशोरकिशोरी स्वास्थ्य सेवा, औषधी तथा उपकरण आपूर्ति, स्वास्थ्य बीमा कार्यक्रम, आमा सुरक्षा कार्यक्रम, राष्ट्रिय खोप तथा विशेष खोप, भिटामिन तथा जुकाको औषधी लगायतका राष्ट्रिय स्तरका कार्यक्रमहरु

प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । निजी तथा सरकारी स्वास्थ्य संस्थाहरुको नियमन गरिनेछ ।

४. स्वास्थ्य संस्थाहरुको पूर्वाधार विकासमा सहयोग पुर्याउने गरी बजेट व्यवस्था गरिनेछ भने सहरी स्वास्थ्य केन्द्रहरुलाई व्यवस्थित गरिनेछ ।

५. अवकाश उमेर पुगेका महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई नेपाल सरकारले प्रदान गर्ने रकममा केही रकम थप गरी "सुनौलो अवकाश योजना" लागू गरि कार्यान्वयनमा ल्याइनेछ भने बाँकी रहेका महिला स्वयम्सेविकाको क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ । साथै उत्कृष्ट कार्य गर्ने महिला स्वास्थ्य स्वयमसेविका, स्वास्थ्य संस्था तथा स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।

६. सार्वजनिक संघ संस्था, सरकारी कार्यालय, विद्यालय र सार्वजनिक स्थलहरुमा मदिरा र सुर्तिजन्य पदार्थको सेवन निषेध गरिनेछ ।

७. स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहलाई प्रभावकारी बनाउन भौतिक पूर्वाधार सहितको कार्यक्रम संचालनमा ल्याइनेछ ।

८. निशुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

९. गरुडा जनस्वास्थ्य प्रयोगशालालाई थप व्यवस्थित गर्ने तथा वर्थिङ्ग सेन्टरहरुको स्तरोउन्नती गरिनेछ ।

१०. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीहरुलाई संघीय सरकारले तोके अनुसार मासिक उपचार खर्च दिइनेछ ।

११. गरुडा नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य चौकीहरुमा बर्थिङ्ग सेन्टर सेवा विस्तारको लागि भौतिक पूर्वाधारको निर्माण कार्यलई निरन्तरता दिइनेछ ।

१२. क्षयरोग विशेष कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

## ग. खानेपानी तथा सरसफाइ

१. गरुडा नगरबासीलाई आगामि आ.व.मा स्वच्छ खानेपानी उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

२. सार्वजनिक स्थलहरुमा शुद्ध पिउने पानीको लागि चिलरको व्यवस्था गरिनेछ ।

३. प्रदेश सरकार, संघीय सरकार र विभिन्न संघसंस्थासँग समन्वय गरी सामुदायिक विद्यालयमा शुद्ध पिउने पानीको व्यवस्था गरिनेछ ।

४. **"गरुडा नगर, स्वच्छ शहर"** को नारा सहित गरुडा नगरपालिका क्षेत्रमा सरसफाइका कर्यक्रमहरु सञ्चालन गरिनेछ ।

५. हालको फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउँदै फोहोर व्यवस्थापनको लागि फोहोर संकलन केन्द्र, फोहोरमैला दहन र ल्याण्डफिल साइडको सम्भाव्य अध्ययन गरी सो को डि.पी.र. तयार गरिनेछ ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

१. महिला, बालबालिका तथा फरक क्षमता भएकाहरुसँग सम्बन्धित चेतनामूलक प्रचारप्रसार तथा सामाग्री उत्पादन, प्रकाशन, प्रशासन र वितरण गरिनेछ ।

२. महिलामाथि हुने हिंसा न्यूनीकरणका लागि अभियान संचालन गरिनेछ । किशोरीको बहुआयामिक विकास, लैङ्गिकतामा आधारित हिंसा, प्रजनन स्वास्थ्य र बाल अधिकार प्रवर्द्धन अन्तर्गत तालिमको व्यवस्था गरिनेछ ।

३. जेष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

४. एकल महिलाको नाममा संचालित व्यवसाय र सम्पत्ती करमा छुटको गराइनेछ ।

५. पूर्ण अशक्त, अपाङ्गता भएका व्यक्तिहरुको पुनर्स्थापना कार्यक्रम संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिमैत्री भौतिक संरचना निर्माणको पहल गरिनेछ ।

६. जनप्रतिनिधिहरुलाई लैङ्गिक समानता, महिला सशक्तिकरण, लैङ्गिक हिंसा निवारण तथा बालअधिकार सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

७. बालबालिकाको चौतर्फी विकासका लागि र प्रतिभावान बालबालिकाको पहिचान र प्रोत्साहनका लागि विविध कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी बालश्रम, बाल विवाह न्यूनीकरणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

८. जातीय विभेद न्यूनीकरण र समतामूलक समाज निर्माणका लागि अभियानात्मक कार्यक्रम संचालन गरिनेछ ।

९. बेटी पढाउ अभियान संचालन गरिनेछ ।

१०. नगर क्षेत्रभित्र बालबालिकाको नेतृत्व विकासको लागि बाल क्लब, बाल संजाल गठन र सञ्चालन कार्यक्रमलाई विस्तार गरिनेछ । आवश्यक आधुनिक "बाल उद्यान" निर्माण कार्यको थालनी गरिनेछ ।

११. नगर भित्रका विभिन्न दासंस्कार स्थलहरुको स्तरोउन्नती तथा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।

१२. अपाङ्ग र फरक क्षमता भएकालाई मनोबल उच्च बनाउने कार्यक्रम ल्याइनेछ ।

### ङ. युवा, खेलकुद तथा कला

१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा नगरको प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने युवा र युवाको क्षेत्रमा उत्कृष्ट काम गर्ने संस्थालाई सम्मान एवं पुरस्कृत गरिनेछ ।

२. युवाहरुलाई खेलकुद प्रति आकर्षित गर्न र नगरमा खेलकुद विकास गर्न खेलकुद प्रतियोगिताहरु आयोजना गरिनेछ ।

३. नगर स्तरीय क्रिकेट खेललाई विकास गर्न “मेयर क्रिकेट कप” को आयोजना गरिनेछ ।

४. आगामि आ.व. देखि लोप हुँदै गएको स्थानीय पहिचान भएका कुस्ती, समाचकेवा, कवर्दी, गिधवा गुर्कान जस्ता खेललाई विकास गर्न प्रतियोगिताहरु संचालन गरिनेछ ।

५. खेलकुद र कलाको विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ३. पूर्वाधार तथा शहरी विकास क्षेत्र :

### क. वस्ती विकास, आवास तथा भवन निर्माण :

१. गरुडा नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरिनेछ ।

२. गरुडा नगरपालिका क्षेत्रभित्रको उपयुक्त स्थानमा जग्गा एकिकरण आयोजना सञ्चालन गरी एकिकृत वस्तिविकास गर्न आवश्यक कार्य थालनी गरिनेछ ।

३. भवन निर्माण मापदण्ड २०७२ को आधारमा गरुडा नगरपालिका भवन निर्माण तथा सडक मापदण्ड कार्यान्वयनमा ल्याइने छ ।

४. सिकर्मी र डकर्मीहरुलाई भवन निर्माण प्रविधि र भवन संहिता सम्बन्धी तालीम दिई दक्ष बनाइनेछ ।

५. नगर भित्रका भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई सुरक्षित बसोबासको लागि सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिनेछ ।

६. संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी सामुदायिक दलित वस्ती निमार्णको योजना सञ्चालन गर्न पहल गरिने छ ।

७. गरुडा नगरलाई उज्यालो नगर बनाउन सोलार लाइट जडान कार्यलाई निरन्तरता दिइनेछ ।

८. नगरपालिका अन्तर्गत रहेका कार्यालयहरुको भौतिक पूर्वाधार निर्माणमा विशेष ध्यान दिइनेछ ।

९. यस गरुडा नगरपालिकाबाट जग्गा वर्गीकरण भएकोमा जग्गा धनीहरुको माग बमोजिम जग्गा उपयोगको आधारमा जग्गा वर्गीकरणलाई आवश्यक संसोधन गरिने छ ।

**ख. सडक, पुल तथा यातायात**

१. सवारी दूर्घटना न्यूनीकरण, सडक सुरक्षा कार्ययोजना, सवारी दुर्घटना र सुरक्षित यात्रासँग सम्बन्धित सचेतनामूलक कार्यक्रमहरु अभियानका रुपमा सञ्चालन गरिनेछ ।

२. ट्राफिक सम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

३. आर्थिक वर्ष २०८२/०८३ मा नयाँ पक्की सडक निर्माणको अलावा पुराना जीर्ण सडकको मर्मत सुधारलाई विशेष महत्व दिइनेछ । पक्की सडक निर्माण कार्यमा लागत साझेदारीको अवधारणालाई निरन्तरता दिइनेछ ।

४. वडाहरुमा रहेका कच्चि सडक लाई मापदण्ड अनुरुप मुल सडकको रुपमा स्तरोन्नती गरिनेछ ।

५. नगरको विद्युत सेवालाई भरपर्दो र प्रभावकारी बनाउनको लागि विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत पोल र ट्रान्समिटर जडान, सडक बत्ती, सोलर/टावर लाईट आदिको व्यवस्थापन लगायतका पूर्वाधारका निर्माणको कामलाई निरन्तरता दिईनेछ ।

६. आगामि आ.व. २०८२/०८३ मा पछ्गचिया दोर र चाँदी खोला गेड्ही बिनागारा मा झोलुङ्गे पुल निर्माण गरिने छ ।

७. गेडहीगुठी चाँदी नदीमा सडक निर्माण गरिने छ ।

८. सडक स्तरोन्नति, कलभर्ट निर्माण, ह्यूमपाइप जडान आवश्यकता अनुसार गरिने छ ।

**ग. सूचना, सञ्चार तथा प्रविधि**

१. सूचना प्रविधिसँग सम्बन्धित तालिम, सेमिनार, लगायतका प्रवर्द्धनात्मक विषयहरुलाई सरोकारवाला निकायहरुसँग समन्वयन गरी संचालन गरिनेछ ।

२. जनताको सु-सूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न सार्वजनिक सुनुवाई, मुखपत्र प्रकाशन, जनता सँग जनप्रतिनिधि लगायतका रेडियो कार्यक्रम, सार्वजनिक परीक्षण, कार्यालयबाट

सम्पादित कार्यहरुको चौमासिक सार्वजनिकीकरण गर्ने प्रणालीको विकास गरिनेछ ।

३. गरुडा नगरको प्रत्येक वाडामा सञ्चालित Free Wifi Zone कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. नगरपालिका र नगरपालिका अन्तर्गत रहेका वडा कार्यलय तथा विषयगत शाखाहरुबाट अनलाइन सेवाप्रवाहलाई अझ विस्तार गरिनेछ ।

## ४. वन, वातावरण तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनको क्षेत्र

### क. वन तथा जैविक विविधता

१. **“हमर नगर, हरित शहर” को नाराका साथ** वातावरण संरक्षण र शहरी सौन्दर्यको प्रवर्द्धन गर्दै विभिन्न स्थानका “खुला क्षेत्र” लाई पर्यावरणीय स्थलको रुपमा विकास गरिनेछ ।

२. खाली, सार्वजनिक, बाँझो, पर्ति, नदी उकास र नदी किनार लगायतका जमिनमा “वृक्षारोपण” तथा “वन विस्तार कार्यक्रम” संचालन गरिनेछ ।

३. “नर्सरीको स्थापना, स्तरोउन्नती” लगायतका कामहरु संचालन गरी नगरको आवश्यकता अनुसारका विरुवाहरुको उत्पादन गरिनेछ ।

४. सार्वजनिक जग्गामा र नीजि जग्गामा वन पैदावरको उत्पादन, रोजगारी सिर्जना, स्थानीय कच्चा पदार्थको आपूर्तिमा सहयोग पुर्याउर्ने गरी वृक्षारोपण तथा निजी वन लाई प्रोत्साहन गर्ने नीति अवलम्वन गरिनेछ ।

### ख. वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलन

१. “ग्रीन गरुडा, क्लिन गरुडा भन्ने नाराका साथ सुरुवात गरिने हरियाली प्रवर्द्धन अभियानलाई प्रत्येक टोल विकास संस्था मार्फत बस्तीस्तरसम्म पुऱ्याइनेछ । हरियाली प्रवर्द्धनमा पुऱ्याएको योगदानका आधारमा टोल विकास संस्थालाई पुरस्कृत गरिनेछ । गैरसरकारी संस्था, टोल विकास संस्था, आमा समूह, युवा क्लव लगायतका सामाजिक संघ संस्थाहरुलाई शहरी सुन्दरता अभिवृद्धि कार्यक्रममा सहभागी बनाइनेछ ।

२. बस्ती स्तरका सडकहरुमा कालोपत्रे गर्दा हरियाली प्रवर्द्धन कार्यक्रमलाई टेवा पुर्याउने गरी वृक्षरोपण कार्यक्रमलाई समावेश गरिने छ ।

### ग..महामारी तथा विपद् व्यवस्थापन

१. आर्थिक वर्ष २०८२/०८३ मा बारुण यन्त्र खरिद गरी सञ्चलनमा ल्याइने छ ।

२. नगर भित्र देखिन सक्ने विपद् पूर्वतयारी, विपत व्यवस्थपन, क्षति न्यूनीकरण लगायतका विषयहरुलाई समेटी पूर्व तयारी रणनीति तय गरिनेछ ।

३. बाढी, आगलगी, हावाहुरी तथा डुवान लगायतका विपद कार्यलाई न्यनीकरण गर्नको लागि स्पष्ट मापदण्ड, कार्यविधि, सघन कार्य र समन्वय लगायत अन्य उपायहरुको अवलम्वन गरिनेछ ।

## ५. सुशासन तथा संस्थागत व्यवस्था

### क. स्थानीय नीति, ऐन तथा सुशासन

१. नगरपालिकालाई आवश्यक कानुन निर्माण गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

२. अतिक्रमित तथा अन्य सरकारी/सार्वजनिक जमिनको लगत संकलन तथा तारबार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । अतिक्रमित सार्वजनिक जग्गाको पहिचान गरी संरक्षण गरिनेछ ।

### ख. सङ्गठनात्मक विकास तथा सेवा प्रवाह

१. कर्मचारीहरुलाई कार्य सम्पादनका स्पष्ट मापन योग्य सूचक सहितको "कार्य सम्पादनमा आधारित प्रोत्साहन प्रणाली" निर्माण गरी कर्मचारीलाई प्रोत्साहित गर्न अतिरिक्त सेवा र समयको आधारमा सुविधा प्रदान गरिनेछ ।

२. नगरपालिकामा उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने प्रणालीको विकास गरिनेछ ।

३. यस नगरपालिकामा करार सेवामा कार्यरत अनुभवी कर्मचारीहरुको हकमा राम्रो कार्य सम्पादन कार्यगर्ने कर्मचारिको म्याद थप तथा करार समझौता गरिने छ ।

४. नगरपालिका वा सम्पूर्ण वडाहरुमा कम्प्यूटर प्रणालीबाट सेवा प्रवाह गर्ने कार्यलाइ थप व्यवस्थित गरिने छ ।

५. नगरपालिकाको संगठन संरचना थप व्यवस्थित गरिनेछ ।

६. विभिन्न स्थानमा रहेका सरकारी तथा सामुदायिक भवनहरुको रेकर्ड अद्यावधिक गरी अधिकतम प्रयोगमा ल्याउने व्यवस्था मिलाइनेछ ।

७. नगरपालिकामा विद्यमान जनशक्तिको लेखा परीक्षण सँगसँगै कार्यसम्पादनका स्पष्ट सूचक निर्माण गरी आगामी २ वर्षमा नगरपालिकालाई "उत्कृष्टताको केन्द्र" (Center for Excelence) को रुपमा विकास गरिनेछ ।

८. सदाचार प्रवर्द्धन गर्न र भ्रष्टाचारजन्य क्रियाकलापको अन्त्य गर्नको लागि भ्रष्टाचारजन्य क्रियाकलापमा शुन्य सहनशीलता (Zero Tolerance) को नीति अवलम्वन गर्दै भ्रष्टाचार गर्ने र गराउने दुवैलाई कानूनको दायारमा ल्याईनेछ ।

९. नगरपालिकाले प्रदान गर्ने सेवा र सुविधाहरुलाई क्रमशः डिजिटलाईजेशन गर्दै सेवा प्रवाहलाई सहज र पारदर्शी बनाईनेछ ।
१०. नगरपालिका नगर कार्यपालिका कार्यालयको नियमनकारी भूमिकालाई प्रभावकारी बनाइनेछ ।
११. नगर भित्र रहेका सुरक्षा निकायहरुको भौतिक पूर्वाधार, सवारी साधनको उपलब्धता, लगायत अन्य संस्थागत क्षमता अभिवृद्धिका लागि आवश्यक रणनीतिको अवलम्वन गरिनेछ ।
१२. स्थानीय सुरक्षा निकाय र सरोकारवालाहरु बीच सुरक्षा व्यवस्थालाई सवल बनाउन आवश्यक अन्तरक्रिया कार्यक्रमहरु संचालन गरिनेछ ।
१३. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार नगरपालिकालाई प्रदत्त काम, कर्तव्य र अधिकारको सुव्यवस्थित रुपमा कार्यान्वयन गर्न प्राथमिकता दिइने छ ।
१४. विवाद समाधानका वैकल्पिक उपाय एवं मेलमिलाप सम्बन्धी कार्यलाई व्यवस्थित बनाइनेछ ।
१५. एकल अधिकार सूचि अन्तर्गतका विषयमा थप कानून, कार्यविधि, मापदण्डको निर्माण गरी कार्यान्वयन गरिनेछ ।
१६. न्यायिक समितिको कार्य सम्पादन प्रकृयालाई छिटो छरितो र थप व्यवस्थित गरिनेछ ।

**ग. श्रोत परिचालन**

१. नगरबासीलाई कर तिर्नु बोझ नभई आफ्नो दायित्व र कर्तव्य हो भन्ने कुरा प्रत्याभूत गराउन कर प्रशासनका सर्वमान्य सिद्धान्तका आधारमा हरेक क्षेत्रमा प्रगतिशील कर प्रणालीको अवलम्वन गरिनेछ । करको दर भन्दा दायरालाई प्राथमिकता दिई सोही अनुसार करका नीतिहरु तय गरिनेछ । आगामी आर्थिक वर्षमा राजस्व सम्भाव्यता अध्ययन गरी राजस्व परिचालनका थप स्रोतहरुको पहिचान गरिनेछ । सबै वडा कार्यालयमा अप्टिकल फाईवर जडान गरी राजस्व राजस्व प्रशासनलाई छिटो, छरितो, करदातामैत्री र सूचना प्रविधिमा आधारित बनाइनेछ ।
२. नेपाल सरकारको निर्णयानुसार स्थानीय तहलाई प्राप्त घर बहाल कर संकलनको अधिकारलाई "संक्षिप्त मापदण्ड" जारी गरी "वृहत अभियान" का साथ संकलन गरिनेछ । यो कर लागू गर्दा जग्गाको मूल्यांकन र दरलाई सर्वसाधारणको हितलाई ध्यान दिएर निर्धारण गरिनेछ । साथै करका सर्वमान्य सिद्धान्त, कर लागू गरेका अन्य पालिकाहरुको असल अभ्यास, विज्ञ एवं आमनगरबासीहरुको राय,

परामर्शका आधारमा वैज्ञानिक र सामाजिक न्यायका सिद्धान्तका आधारमा प्रगतिशील ढाँचामा कर लगाईनेछ ।

## घ. योजना व्यवस्थापन

१. केन्द्रीय, प्रादेशिक, क्षेत्रगत र स्थानीय योजनाबीच तादाम्यता कायम गरी नगरको सर्वाङ्गीर्ण विकास र समृद्धिको स्पष्ट दृष्टिकोण सहितको "दीर्घकालिन योजना" निर्माण गरिनेछ ।

२. उक्त योजनामा स्वास्थ्य, शिक्षा, खानेपानी, भौतिक पूर्वाधार लगायत नगर सरकारका सबै प्राथमिकताहरु समावेश गरिनेछ ।

३. आगामी आर्थिक वर्ष २०८२/०८३ मा विभिन्न आयोजनामा छुट्टाइएको पूँजीगत खर्चको न्यूनतम ८० प्रतिशत रकम चैत्र मसान्त सम्ममा खर्च गर्ने सुनिश्चिताका लागि नगरपालिकाको आन्तरिक संयन्त्र परिचालन गरिनेछ ।

## ङ. विविध

१. गैरसरकारी संस्थाहरुले संचालन गर्ने सबै कार्यक्रमहरु नगरपालिकाको वार्षिक योजना किताबमा अनिवार्य रुपमा समावेश गरी नगरपालिकाको पूर्वस्वीकृती लिई नगरपालिकाले तोकेको वर्ग र क्षेत्रमा कार्यक्रम संचालन गर्ने प्रणालीको विकास गरिनेछ ।

२. गैरसरकारी संस्थालाई नगरपालिकाको विकास प्रक्रियामा सहयोगीको रुपमा योगदान गर्न सक्ने वातावरण निर्माण गर्ने र उनीहरुबाट पारदर्शी उत्तरदायी सेवा प्रवाह गराउन निर्देश गर्दै आवश्यक सहयोग पुऱ्याइनेछ ।

३. नगरपालिकाभित्र क्रियाशील गैरसरकारी संस्थाहरुको प्रोफाईल तयार गरि गैरसरकारी संस्थाहरुको परिचालन, नियमन, अनुगमन, मूल्याङ्कन, सहजीकरणलाई प्रभावकारी बनाईनेछ ।

४. स्वयंसेवाको क्षेत्रलाई फराकिलो र व्यवहारिक बनाउन नीतिगत खाका तयार गरिनेछ । राष्ट्र सेवाको रुपमा लामो अनुभव हासिल गर्नुभएका सम्मानित व्यक्तित्वहरुलाई स्वयंसेवकको रुपमा परिचालित हुने अवसर सिर्जना गरिनेछ ।

५. नगरपालिका तथा वडा कार्यालयबाट प्रदान गर्ने सेवा चुस्त दुरुस्त र सहज तुल्याइने छ ।

६. वडा स्तरबाट छनोट भई आएका योजना संचालनका लागि उपभोक्ता समितिलाई प्राथमिकता दिइनेछ र त्यस्ता योजना तथा कार्यक्रम संचालन गर्न सम्बन्धित वडाले नियम अनुसारको उपभोक्ता समिति गठन गरी न.पा.ले तोकेको समयाअवधिमा समझौता गरी सक्नु पर्ने व्यवस्था गरिनेछ ।

७. यस कार्यालयबाट अवकास भएका र अवकास हुने कर्मचारीहरुको निवृत्तिभरण सुविधा तथा उपदान प्रदान गर्न कर्मचारी अवकाश कोषमा कानुन बमोजिम रकम विनियोजन गर्ने व्यवस्था मिलाइनेछ ।

८. विभिन्न नगरपालिका/गाउँपालिकाका जनप्रतिनिधिहरुले हाम्रो नगरपालिको अध्ययन भ्रमण गर्ने वातावरण तैयार गरिनेछ ।

**सभाध्यक्षज्यू,**

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहकार्य अपरिहार्य छ । यसको सफल कार्यान्वयनका लागि नगर कार्यपालिकाको कार्यालय, सरकारी निकायहरु, विभिन्न राजनीतिक दलहरु, विभिन्न संघ संगठनहरु, गैरसरकारी संस्थाहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सद्भावपूर्ण सहभागिता र सहयोग हुने विश्वास व्यक्त गर्दै सम्मानित नगर सभाबाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेमा विश्वस्त हुँदै यस नगर सभाको एघारौ अधिवेशन तथा आठौ बजेट अधिवेशनमा उपस्थित नगर सभा सदस्यहरु, सम्पूर्ण जनप्रतिनिधि, नगरवासी, राजनैतिककर्मी, पत्रकारहरु, सुरक्षाकर्मी लगायत सम्पूर्ण सरोकारवाला प्रति सकारात्मक सहयोगको अपेक्षा सहित सबैमा हार्दिक धन्यवाद र आभार व्यक्त गर्दछु ।

धन्यवाद !

सम्वत २०८२ साल आषाढ ६ गते

**पुनम कुमारी चौधरी**
**नगर सभा उपाध्यक्ष**